# **सम्पत्ति** करहरू

**सम्पत्ति कर भुक्तानीहरू कर विवरण दाखिला गर्नुपर्नेमा दाखिला नगरेर विलम्ब भएको सुरुकै समयदेखि ब्याज, जरिवाना र वारेन्ट शुल्कहरूमा लागू गरिनेछ। बाँकी ब्यालेन्स अतिरिक्त ब्याजसँग सम्बन्धित विषय हो।**

बर्लिङ्गटनका अधिकांश **आवासीय सम्पत्तिका मालिकहरूका लागि सम्पत्ति कर क्रेडिट कार्यक्रमहरू** छन्। आफ्नो बर्लिङ्गटनको घरलाई आफ्नो प्राथमिक आवास भनेर घोषणा गर्ने बर्लिङ्गटनका बासिन्दाहरू **होमस्टेड कर**का लागि हुन्छन्। कृपया HS-122 भनिने भर्मोन्ट राज्यको कर (State of Vermont tax) फाराम भर्नुहोस्। तपाईं HI-144 फाराम पेश गरेर आयमा आधारित सम्पत्ति कर क्रेडिटका लागि योग्य हुन सक्नुहुनेछ। दुवै कार्यक्रमहरूका बारेमा थप जानकारी यहाँ उपलब्ध छन्: https://tax.vermont.gov/tax-forms-and-publications/individuals

कृपया ध्यान दिनुहोस् कि तपाईंले सम्पत्ति कर समायोजनका लागि आवेदन दिँदा तपाईंले हालको आर्थिक वर्ष (कर विवरण दाखिला गर्दा) र यस राज्यद्वारा सञ्चालित कार्यक्रममा अघिल्लो क्यालेन्डर वर्षको तपाईंको घरपरिवारको आयका बारेमा जानकारी दिनुहुन्छ र त्यस कारणले गर्दा धेरै मानिसहरूले सम्पत्ति कर समायोजन प्रणालीमा 'ल्याग' वा 'लुकब्याक' रहेको बताउने गर्छन्। तपाईंले थप जानकारी यहाँ प्राप्त गर्न सक्नुहुन्छ: https://tax.vermont.gov/property/education-property-tax-rates/faqs

**यदि तपाईंसँग आफ्नो होमस्टेड वा सम्पत्ति कर क्रेडिट दाबीका बारेमा प्रश्नहरू छन् भने:**

- **भर्मोन्ट राज्यको कर विभागलाई 866-828-2865/802-828-2865 मा फोन गर्नुहोस्**
- **वा https://tax.vermont.gov/directory मा जानुहोस् र सोधपुछ गर्नका लागि इमेल गर्ने व्यक्तिगत आयकर लिङ्कमा क्लिक गर्नुहोस्।**

## के मैले मेरो सम्पत्ति करहरू अनलाइनमा भुक्तानी गर्न सक्छु ?

हो, तपाईंले **आफ्नो सम्पत्ति करहरू अनलाइनमा यहाँ** भुक्तानी गर्न सक्नुहुन्छ। कृपया ब्यालेन्ससम्बन्धी सोधपुछहरूका लागि क्लर्कको कार्यालयलाई propertytaxes@burlingtonvt.gov वा 802-865-7000 मा सम्पर्क गर्नुहोस्।

तपाईंले अनिवार्य रूपमा आफ्नो पार्सल आइडी नम्बर थाहा पाउनुपर्छ र निम्न ढाँचा प्रयोग गरेर यसलाई प्रविष्ट गर्नुपर्छ: **000-0-000-000**

तपाईं यहाँ हाम्रो सम्पत्ति डाटाबेसमा पनि आफ्नो पार्सल आइडी नम्बर हेर्न सक्नुहुन्छ।

प्रक्रियासम्बन्धी शुल्कहरू लागू हुन सक्छन्।

## अन्य कुन तरिकाले मैले मेरो सम्पत्ति करहरू भुक्तानी गर्न सक्छु ?

सम्पत्ति करहरू हुलाकमार्फत वा सिटी हलमा आफै आएर पनि भुक्तानी गर्न सकिन्छ । चेक र मनि अर्डरहरू City of Burlington (सिटी अफ बर्लिङ्गटन) को नाममा भुक्तानी हुनेगरी बनाइनुपर्छ । आफै आएर भुक्तानी गर्नका लागि सिटी हलको कार्यालय सोमबारदेखि शुक्रबारसम्म बिहान 8:00 बजेदेखि साँझ 4:30 बजेसम्म खुला रहन्छ । भुक्तानीहरूलाई सिटी हल बाहिरको ड्रप बक्समा राख्न सकिन्छ । ड्रप बक्स चर्च स्ट्रीट प्रवेशद्वारमा भुइँ तल्लाको माथिल्लो दायाँपट्टि रहेको छ । आफ्नो भुक्तानीका लागि रसिद चाहने करदाताहरूले आफ्नो भुक्तानीका साथ ठेगाना उल्लेख गरेर हुलाक टिकटको भुक्तानी गरिएको खाम संलग्न गर्न सक्नेछन् वा आफ्नो इमेल ठेगानाबाट लिखित अनुरोध समावेश गरेर इमेल पठाउन सक्नेछन् जसलाई प्रयोग गरेर तपाईंलाई विद्युतीय तरिकाले रसिद पठाउन सकिन्छ ।

भुक्तानीहरूलाई निम्न ठेगानामा हुलाकबाट पठाउन सकिन्छः
City of Burlington
Attn: Property Taxes
PO Box 22086
Albany, NY 12201-2086

## म मेरो कर बिललाई अर्को ठेगानामा कसरी पठाउन लगाउन सक्छु ?

तपाईंले पत्राचार ठेगानामा परिवर्तन फाराम भर्नुपर्ने हुन्छ । कृपया यो फाराम मूल्याङ्कनकर्ताको कार्यालयमा फिर्ता पठाउनुहोस् वा mailassessor@burlingtonvt.gov मा इमेल गर्नुहोस् ।

## मेरो करहरू कहिलेदेखि विलम्ब भएको मानिन्छ ?

**सम्पत्ति करहरू जुन 12 सम्म तिर्नुपर्ने हुन्छ।** जुन 22 सम्म कुनै पनि बक्यौता सम्पत्ति कर तिर्न असफल भएमा तपाईंको खातालाई विलम्ब भएको मानिनेछ । **विलम्ब शुल्कहरूबाट बच्नका लागि भुक्तानीहरू अनिवार्य रूपमा क्लर्क ट्रेजररको कार्यालयमा जुन 22 भन्दा ढिलो नहुनेगरी साँझ 4:30 बजेसम्म हुलाक छाप लगाइएको वा अनलाइनबाट पठाइएको हुनुपर्छ ।** जुन 23 र त्यस पछिको अमेरिकी हुलाक कार्यालयको हुलाक छाप लागेका वा सिटी हलमा छोडिएका वा जुन 22, 2023 पछि अनलाइनबाट गरिएका भुक्तानीहरू ढिलो हुनेछन् र तपाईंको खाताले विलम्ब गरेको मानिन्छ र विलम्ब कर वारेन्टको वर्गीकरणमा राखिनेछ । तपाईंलाई एक पटक 8% (आठ प्रतिशत) विलम्ब दण्ड शुल्क र कुनै पनि बक्यौता करहरूमा $1.00 वारेन्ट शुल्क लगाइनेछ र यस आर्थिक वर्षका लागि पहिले नै संचित कुनै पनि ब्याज भुक्तानी गर्न अझै बाँकी हुनेछ । यदि भुक्तानी गर्न बाँकी रकममा तपाईंको चौथो त्रैमासिक कर किस्ता पर्छ भने तपाईंलाई किस्ता रकममा थप 4% (चार प्रतिशत) ब्याज लगाइनेछ ।

## के मैले करहरू छिट्टै भुक्तानी गर्दा कुनै छुट पाउँछु ?

होइन, त्यस्तो कुनै पनि छुट छैन ।

## ढिलो भुक्तानीका लागि के कुनै ग्रेस अवधि छ ?

छैन तर बुझाउनुपर्ने अन्तिम मिति वा सोभन्दा अघिको हुलाक छाप लागेका खामहरूलाई कुनै पनि जरिवानाबिना स्वीकार गरिनेछ ।

## यदि म मेरो खाताविरुद्ध मूल्याङ्कन गरिएको दण्डसँग असहमत भएमा के गर्ने ?

तपाईंसँग कर छुटको बोर्डसमक्ष जरिवानाको विरुद्धमा पुनरावेदन (अपिल) गर्ने अधिकार हुन्छ । यद्यपि, कुनै पनि विलम्ब करहरूमा ब्याज थपिन जारी रहनेछ ।

## यदि बुझाउनुपर्ने अन्तिम मिति सप्ताहन्त वा छुट्टीको दिनमा परेमा के गर्ने ?

बुझाउनुपर्ने अन्तिम मिति सप्ताहन्त वा छुट्टीको दिनमा पर्दा भुक्तानीहरू अर्को कार्यालय दिनसम्म कुनै पनि जरिवानाबिना स्वीकार गरिनेछ ।

## सम्पत्ति करहरू कहिलेसम्म भुक्तानी गरिसक्नुपर्छ ?

सम्पत्ति करहरूलाई त्रैमासिक भुक्तानीहरूमा विभाजित गरिएका छन् । भुक्तानीहरू प्रत्येक वर्ष अगस्त, नोभेम्बर, मार्च र जुन महिनाको 12औँ दिनसम्म गरिसक्नुपर्छ । यदि 12औँ दिन सप्ताहन्तमा परेको खण्डमा भुक्तानीहरू अर्को कार्यालय दिनसम्म गरिसक्नुपर्छ ।

## मैले मेरो नयाँ कर बिल कहिले प्राप्त गर्नेछु ?

करका बिलहरू प्रत्येक वर्ष जुलाइमा पठाइन्छ ।